दरभाउपत्र ठेक्का नं : ...........    दरभाउपत्र वापत शुल्क रु.५००।००

रसिद नं.:

मितिः २०६८।०२।३०

# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

# पाटन अस्पताल

लगनखेल, ललितपुर।

# लण्ड्री बिभागकोलागि सोलार वाटर हिटर (Solar Water Heater) खरीद तथा जडान सम्बन्धी कार्यको दरभाउपत्र आव्हान

# दरभाउपत्रको निवेदन

श्रीमान अस्पताल निर्देशकज्यू,
पाटन अस्पताल
लगनखेल, ललितपुर ।

विषयः **अस्पतालमा लण्ड्री बिभागमा सोलार वाटर हिटर (Solar Water Heater) आपूर्ति तथा जडान गर्ने कार्य ठेक्काद्वारा गर्न दरभाउपत्र पेश गरेको बारे ।**

महोदय,

अस्पतालको मिति २०६८...।... मा प्रप्त सुचना अनुसार त्यस पाटन अस्पतालको लण्ड्री बिभागकोलागि आबश्यक सोलार वाटर हिटर आपूर्ति तथा जडान गर्ने कार्य ठेक्काद्वारा गराउनको लागि अस्पतालको दरभाउपत्रकासाथ संलग्न अनुसूचि (क) मा उल्लेखित शर्त अनुसार मेरो/हाम्रो तर्फबाट उक्त सामान आपूर्ति गर्न मेरो/हाम्रो मन्जुरी भएकोले यो दरभाउपत्र पेश गरेका छौं ।

यो दरभाउपत्रमा म / हामी बाट उल्लेख गरिएको रु. ......................(अक्षेरेपी ..................................................रुपयां) मूल्यको २.५ ले हुन आउने रकम रु. ................... (अक्षरेपी ............. ............ ............ ...रुपैयाँ) ललितपुर, लगनखेल स्थित लक्ष्मी बैंकको खाता नं. ००१८१०४००००३८२ मा नगद जम्मा गरेको सक्कल भौचर वा अस्पतालको नाममा जारी भएको दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि गणना हुने ७५ दिन म्याद भएको बैंक ग्यारेण्टीको सक्कल प्रति वा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको जमानत पत्र (परफरमेन्स बण्ड) पेश गरेका छौं ।

हामीले त्यस अस्पतालबाट उपलब्ध गरेको दरभाउपत्र पढेका छौं र उक्त दरभाउपत्रमा उललेखित शर्तहरु अन्तर्गत रही कार्य गर्न इच्छुक भएकोले रु. ५ को टिकट टांसी दस्तखत सहित उक्त दरभाउपत्र संलग्न गरी यो दरभाउपत्रको निवेदन पेश गरेका छौं ।

फर्मको छाप :

भवदीय

दस्तखत :

नाम/थर :

फर्मको नाम

ठेगानाः

**नोट** : रीत पूर्वक भरेर नआएको दरभाउपत्र रद्द गरिने छ र यस्तो दरभाउपत्र उपर कुनै कार्वाही हुने छैन ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

पाटन अस्पताल,

लगनखेल, ललितपुर ।

# सोलार वाटर हिटर (Solar Water Heater) आपूर्ति कार्य संबन्धी शर्त सहितको दरभाउपत्र फाराम

## १. दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा ध्यान दिनु पर्ने कुराहरुः

१.१ दरभाउपत्रदाताले पेश गरेका दरभाउपत्रको साथ संलग्न अनुसूचि (क) मा उल्लेख भए अनुसार बिशेषता भएको सामान उपलब्ध गराउन सक्छु भनी दर भाऊ अङ्क र अक्षरमा अनिबार्य रुपमा छुट्टा छुट्टै स्पष्ट उल्लेख गर्नु पर्ने छ । कवुल गरेको दररेट अङ्क र अक्षरमा केरमेट भएको भए सो ठाउंमा स्पष्ट बुझिने गरी लेखेको हुनुपर्नेछ र सो ठाउंमा सही छाप समेत गर्नुपर्नेछ अन्यथा उक्त पेश हुन आएको वोलपत्रलाई मान्यता दिइने छैन । अनुसूचि फाराममा उल्लेख भएको भन्दा बाहेकका बिशेषता भएको सामान आपूर्तिको लागि प्रस्ताब गरेमा त्यस्तो सामान श्वीकार गरिने छैन ।

१.२ दरभाउपत्र पेश गर्दा बोलकबोल अङ्कको २.५ प्रतिशतले हुन आउने रकम यस अस्पतालको ललितपुर, लगनखेलस्थित लक्ष्मी बैंकमा रहेको चल्ती खाता नं. ००१८१०४००००३८२ मा नगद जम्मा गरेको सक्कल भौचर वा अस्पतालको नाममा जारी भएको दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि गणना हुने गरी ७५ दिन म्याद भएको बैंक ग्यारेण्टीको सक्कल प्रति वा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको जमानत पत्र ( परफरमेन्स बण्ड) पेश गर्नुपर्नेछ ।

१.३ दरभाउपत्रदाताले दरभाउपत्र फाराम साथ निम्न विवरणहरु खुलेको प्रमाणित कागजातहरु संलग्न गर्नु पर्नेछ । यो दफा अनुसार विवरण संलग्न नभएको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन ।

(क) संलग्न नमूना बमोजिमको दरभाउपत्र निवेदन पत्र,

(ख) अस्पतालबाट वितरण गरेको सकल दरभाउपत्र,

(ग) दरभाउपत्र अनुसार आफूले गर्नु पर्ने कामको लागि कवुल गरेको दररेटको अङ्कको विवरण,

(घ) दरभाउपत्रमा संलग्न दरभाउ पत्र पूर्ण तथा स्पष्ट रुपमा अङ्क र अक्षरमा दररेट उल्लेख गरेको

(ङ) दरभाउपत्र दाताले आफ्नो कंपनीको नविकरण भएको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(च) आ.व. २०६६।६७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित

(छ) रु. ५ को टिकट टांसी लाहा छाप सहितको शिलबन्दी दरभाउपत्र मिति २०६८।...।..... गते दिनको १२ बजे भित्र यस अस्पतालको प्रशासन शाखामा दर्ता भईसकेको हुनुपर्ने छ ।

१.४ यस दरभाउपत्रमा उल्लेखित दफाहरु अनुरुप रीत नपुगेको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन ।

१.५ दरभाउपत्रदाताले यस दरभाउपत्रको सबै पानाहरुमा नमेटिने मसीले दस्तखत गरी छाप सहितको दरभाउपत्रको सक्कल प्रति निवेदनसाथ संलग्न गर्नु पर्नेछ ।

१.६ यस दरभाउपत्रमा उल्लेख भएका वाहेक दरभाउपत्रदाताले आफ्नै तर्फबाट प्रत्यक्ष्य वा अप्रत्येक्ष्य कुनै शर्त राखी दरभाउपत्र पेश गरेमा सो शर्त स्वीकार गरिने छैन र दरभाउपत्र रद्द गरिनेछ ।

१.७ प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सपूर्ण अधिकार अस्पतालको हुनेछ ।

१.८ प्राप्त दरभाउपत्रहरु अस्पतालले तोकेको मिति र समयमा यस अस्पतालको कार्यालयमा खोलिनेछ । दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाता वा निजको मनोनित प्रतिनिधि उपस्थित हुन सक्नेछ । तर दरभाउपत्रदाताको अनुपस्थितिले दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पुग्ने छैन ।

१.९ दरभाउ श्वीकृत भएको सूचना प्राप्त भएको मितिले ४ (चार) दिनभित्र श्वीकृत आपूर्तिकताले श्वीकृत रकमको ५% (पांच प्रतिशत) को हिसाबले हुने जमानत रकम यस अस्पतालको ललितपुर, लगनखेलस्थित लक्ष्मी बैंकमा रहेको चल्ती खाता नं. ००१८१०४००००३८२ मा नगद जम्मा गरेको सक्कल भौचर वा संभौता हुने मितिले कम्तिमा एक बर्षका Warrranty period म्याद भएको बैंक ग्यारेण्टीको सक्कल प्रति वा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको जमानत पत्र (परफरमेन्स बण्ड) पेश गर्नुपर्नेछ ।

१.१० स्वीकृत दरभाउपत्रदाताले दरभाउपत्रमा उल्लेखित शर्त बमोजिम सामान आपूर्ति सम्बन्धी काम गर्न निजको दरभाउपत्र स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र पत्र बुझ्न नआएमा वा पत्र बुझी लिएर दफा १.९ बमोजिम धरौटी नराखेमा वा म्याद भित्र सम्झौता गर्न नआएमा निजले दफा १.२ अनुसार जम्मा गरेको धरौटी वापत राखेको रकम जफत गरी नियमानुसार गरिनेछ । दरभाउपत्र श्वीकृत भई संझौता संबन्धी कार्य संपन्न भएपछि मात्र अन्य आपूर्तिकर्ताको धरौटी तथा परफरमेन्स बण्डलाई नियमानुसार फिर्ता गरिने छ ।

१.११ नियमानुसार नेपाल सरकारमा दाखिला गर्नु पर्ने करहरु दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ । ठेक्काकर लाग्ने भएमा आपूर्तिकर्ता को विलबाट नियामानुसार कर कट्टी गरी सम्बन्धित निकायमा दाखिला गरिनेछ । ठेक्का अवधि समाप्त भई कर फरफारक र मू. अ. कर समायोजन भएपछि मात्र १.९ अनुसारको धरौटी तथा जमानत रकम फिर्ता गरिने छ ।

१.१२ आपूर्तिकर्ताको तर्फबाट सम्बन्धीत कार्यमा खटिएका ब्यक्ति वा सवारी साधनले तोकिएको काम गर्दा अस्पतालका सरसामानहरुलाई हिनामिना हुन नदिन आवश्यक होशियारी पु-याउनको साथै हिफाजत समेत गर्नु पर्नेछ । सम्बन्धीत कार्यमा खटिएका ब्यक्तिको हेलचेक्र्याँई वा लापरवाहीवाट सामान चोरी भएमा, टुटफुट भएमा वा विग्रिएको पाईएमा अस्पताललाई तुरुन्त जानकारी गराउनु पर्नेछ । यसरी संबन्धित सेवाका कर्मचारीहरुको गल्तिले हिनामिना भएमा सो को जिम्मा आपूर्तिकर्ता स्वयमको हुनेछ । यदि आपूर्तिकर्ता ले हिनामिना भएको /टुटफुट

भएको/ बिग्रिएको सामान समयमै ठीक दुरुस्त पार्न नसकेमा वा मर्मत-सम्भार नगरेमा अस्पतालले आफैले वा अरु कसै मार्फत ठिक दुरुस्त पार्दा वा मर्मत-सम्भार गर्दा लागेको सम्पूर्ण खर्च आपूर्तिकर्ताले अस्पताललाई तिर्नुपर्नेछ ।

१.१३ सम्बन्धीत कामको शिलशिलामा खटिने व्यक्तिहरुको लागि परिचयपत्रको व्यवस्था गरी सोको जानकारी यस अस्पताललाई दिनु पर्नेछ । अस्पतालको कामको शिलशिलामा आपूर्तिकर्ताबाट नियुक्त वा खटाइएका कर्मचारीहरु, कामदारहरु अस्पतालको कामको सन्दर्भमा घाइते भएमा वा अङ्गभङ्ग भएमा वा कुनै चोटपट लागेमा वा कुनै क्षति भएमा अस्पताल जवाफदेही हुने छैन र क्षतिपूर्ति वापत अस्पतालबाट कुनै सुविधा उपलब्ध गराइने छैन ।

१.१४ सप्लाई गर्ने सामानको गुणस्तरमा कुनै पनि किसिमको Compromise हुने छैन । गुणस्तरको शंका लागेमा परिक्षण गराउन सकिने र सो वापतको संपूर्ण लाग्ने रकम संम्बन्धित सप्लार्यसले बेर्होनु पर्ने छ । यदि सामान गुणस्तर नदेखिएमा आफनै तर्फबाट फिर्ता गरी सो को बदलामा गुणस्तर युक्त सामानहरु सोध भर्ना गर्नु पर्ने छ ।

१.१५ दरभाउपत्रदाताले दरभाउपत्र फारम संलग्न Pricing Schedule मा दर रेट भर्दा मु. अ. कर बाहेकको रकम उल्लेख गर्नु पर्ने छ । यसरी दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा दररेटमा मु. अ. कर समेत समावेश छ भनी उल्लेख गरेमा त्यस्तो दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१.१६ दरभाउपत्रदाताले अपत्यारिलो रुपमा घटी वा बढी दरभाउ उल्लेख गरी पेश भएको दरभाउपत्र स्वीकार गर्न अस्पताल वाध्य हुने छैन् ।

१.१७ दरभाउपत्र दाताले सामान आपूर्तिका बखत संभ्कौतापत्रमा उल्लेख भए अनुसार बिश्वास योग्य परिणाम र गुणस्तर युक्त समान आपूर्ति नगरेमा वा ढिला गरेमा, शर्त अनुसार मरमत संभार नगरेमा वा संचालनको लागि प्रशिक्षण कार्य पुरा नगरेमा यस्ता प्रकृयाहरुमा दोषको प्रकृति र गहनतालाई मुल्याङ्कन गरी कंपनीलाई कालो सूचिमा राखी प्रचलित कानून अनुसार आबश्यक कार्बाही गर्न सकिने छ । साथै यस्तो आवस्थामा अस्पतालले अन्य वैकल्पिक उपायबाट आवश्यक व्यवस्था गर्ने छ । यस अबस्थामा अस्पताललाईृ थप आर्थिक भार लागेका सम्पूर्ण खर्च सम्बन्धित आपूर्तिकर्त्ताको धरौटी तथा जमानत रकमबाट बेहोरिने गरिने छ ।

१.१८ बोलपत्रदाताले आफूले पेश गरेको बोलपत्रको शिलबन्दी खाम बहिर **पाटन अस्पताल** तथा **"अस्पतालमा सोलार हिटर आपूर्ति गर्ने कार्यको दरभाउपत्र"** भनी उल्लेख गर्नु पर्नेछ । उक्त शिलबन्दी खाम बाहिर स्पष्ट रुपमा आफ्नो नाम, ठेगाना र संपर्क नंबर समेत उल्लेख गरी पेश गर्नु पर्नेछ ।

१.१९ श्वीकृत आपूर्तिकर्ताले संभ्कौता भएको मितिले दिनभित्र माग अनुसारको सामान अनिबार्य आपूर्ति तथा जडान गरी सक्नु पर्ने छ ।

१.२० श्वीकृत आपूर्तिकर्ताले आफूले आपूर्ति गर्ने सामानहरुको नमूना नक्सा संभ्कौता अगावै अनिबार्य रुपमा पेश गर्नु पर्नेछ । उक्त नमूना गुणस्तरिय छ भन्ने बिश्वास भएमा मात्र संभ्कौता गरिनेछ । सोही अनुसारको सामानहरु संभ्कौता अबधिभरी आपूर्ति गर्नुपर्नेछ ।

१.२१ यस दरभाउपत्रमा लेखिएका शर्तनामाहरु बाहेकका अन्य कुराहरु आपूर्तिकर्ता र अस्पताल बीच हुने संभ्कौतामा उल्लेख गरे अनुसार हुनेछ ।

१.२२ दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस अस्पतालको कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ

१.२३ यस दरभाउपत्रमा उल्लेख नभएको बिषयको हकमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान आर्थिक प्रशासन नियमावली २०६७, तथा प्रचालित कानून बमोजिम हुने छ ।

## २ रकम भुक्तानी सम्बन्धी व्यवस्था

२.१ संझौता अनुसार आपूर्तिकर्ताले गर्ने कार्यको लागि संझौतापत्रमा उल्लेख भए अनुसार भुक्तानी एकाउन्टपेयी चेकबाट गरिने र आपूर्तिकताको तर्फबाट व्यहोर्नु पर्ने ठेक्काकर, अग्रिम आयकर लगायतका नियमानुसार कट्टा गर्नु पर्ने रकम कट्टा गरेर मात्र भुक्तानी दिइनेछ ।

## ३. विवादको समाधान

३.१ कुनै विवाद आपसी समझदारीमा समाधान नभएमा अस्पतालको निर्णय नै अन्तिम हुनेछ । साथै सम्झौता अनुसार कार्य गर्दा कुनै बाधा अडकाउ परेमा आपसी सहमतिद्वारा समाधान गर्न सकिने छ।

## ४. कानूनी उपचारको ब्यबस्था

४.१ यस अस्पतालले गरेको खरीद कार्वाही वा निर्णय गर्दा कुनै त्रुटी गरेको वा पालना गर्नु पर्ने कर्तब्य पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्न सकने कारण खुलाई सम्बन्धित दरभाउपत्रदाताले हकमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान आर्थिक प्रशासन नियमावली २०६७, मा उल्लेख भए अनुसार तथा प्रचालित कानून बमोजिम त्यस्तो त्रुटी वा निर्णयको पुनरावेदनका लागि निवेदन दिन सक्ने छ ।